# मंगला गाउँपालिकाको कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रणका लागि गरिने कार्यमा हुने खर्च सम्बन्धी मापदण्ड, २०७८

(स्वीकृत मितिः २०७८/०२/२५)

मंगला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बाबियाचौर, म्याग्दी

# मंगला गाउँपालिकाको कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रणका लागि गरिने कार्यमा हुने खर्च सम्वन्धी मापदण्ड, २०७८

**प्रस्तावनाः**

कोभिड-१९ भाइरसको विश्वव्यापी महामारीका भई यस गाउँपालिकामा समेत संक्रमण तिव्र रुपले बढ्दै गएकोले यस भाइरसको संक्रमण रोकथाम र नियन्त्रणको लागि मंगला गाउँपालिकाबाट गरिने कोभिड-१९ अस्थायी अस्पताल व्यवस्थापन, स्वास संकलन, अक्सिजन व्यवस्थापन, सवारी साधन व्यवस्थापन, आइसोलेसन व्यवस्थापन, सामाग्रीहरु खरिद, अनुगमन भ्रमण लगायत कार्यहरुमा हुने खर्चलाई व्यवस्थित पारदर्शी र मितव्ययी वनाउनको लागि मंगला गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मंगला गाउँ कार्यापालिकाको मिति २०७८।०२।२५ गतेको बैठकबाट पारित भई यो मापदण्ड जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यो मापदण्डको नाम "**मंगला गाउँपालिकाको कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रणका लागि गरिने कार्यमा हुने खर्च सम्वन्धी मापदण्ड, २०७८**" रहनेछ ।

(ख) यो मापदण्ड तुरून्त लागु हुनेछ ।

**२. परिभाषाः-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "गाउँपालिका" भन्नाले मंगला गाउँपालिका सम्झनुपर्छ ।

(ख) "अध्यक्ष" भन्नाले यस मंगला गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले यस मंगला गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस मंगला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) "कार्यालय"भन्नाले यस मंगला गाउँपालिकाको कार्यालय सम्झनुपर्नेछ ।

(च) "शाखा" भन्नाले यस मंगला गाउँपालिकामा रहेका सम्बन्धित विषयगत शाखा सम्झनु पर्छ ।

(छ) "वडा कार्यालय" भन्नालेयस मंगला गाउँपालिका अन्तर्गतका पाँच वटै वडा कार्यालयहरु सम्झनु पर्छ ।

(ज) "वडा समिति" भन्नाले यस मंगला गाउँपालिकाको वडाका समितिहरू सम्झनु पर्छ ।

(झ) "वडाध्यक्ष" भन्नाले यस मंगला गाउँपालिकाको वडाध्यक्ष सम्झनु पर्छ ।

(ञ) "कोभिड-१९ अस्पताल" भन्नले संघीय सरकारको सहयोगमा यस गाउँपालिका अन्तरगतको अर्मन स्वास्थ्य चौकीको भवनमा सञ्चालन रहेको कोभिड-१९ अस्थायी अस्पताललाई सम्झनुपर्छ ।

(ट) "मापदण्ड" भन्नाले मंगला गाउँपालिकाले स्वीकृत गरेको मंगला गाउँपालिकाको कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रणका लागि गरिने कार्यमा हुने खर्च सम्वन्धी मापदण्ड, २०७८ सम्झनु पर्छ ।

**३. कोभिड-१९ अस्थायी अस्पताल व्यवस्थापन** (१) संघीय सरकारको सहयोगमा यस गाउँपालिका अन्तरगतको अर्मन स्वास्थ्य चौकीको भवनमा सञ्चालन रहेको कोभिड-१९ अस्थायी अस्पताललाई आवश्यक पर्ने वेड, मेडिकल सामाग्री, औषधी, अक्सिजन, पिपिइ लगायत सामाग्रीहरु र अन्य वन्दोवस्तीका सामाग्रीहरु गाउँ कार्यपालिकाको कार्यालयले खरिद गरी व्यवस्थापन गर्नेछ ।

(२) कोभिड-१९ अस्पतालको सेवा विस्तार गरी सञ्चालन गर्नको लागि स्वास्थ्य चौकी भवनलाई मर्मत सम्भार वा मोडिफाई के गर्नुपर्ने हो सोको तुरुन्त स्टिमेट गरी कार्यसम्पन्न गर्नुपर्नेछ । (३) कोभिड-१९ संक्रमण बढ्न गई विरामीको चाप बढ्ने अवस्था भएमा संक्रमितको लागि गाउँपालिकाले अन्य भवन व्यवस्थापन गरी आइसोलेसन सञ्चालन गर्न सक्नेछ । सो स्थानमा विरामीहरुको लागि सुत्ने वेडहरु विजुली पानी शौचालय इन्टरनेटको व्यवस्थापन मर्मत सम्भार सरसफाइ कार्य, वन्दोवस्तीका विभिन्न सामाग्री लगायत अन्य आवश्यक सामाग्रीहरुको खरिद गरी व्यवस्थापन गर्नुपर्नेछ ।

(४) कोभिड-१९ अस्पतालमा १० वटा अक्सिजन सहितको बेड र अन्य आवश्यकता अनुसारको वेड र त्यहाँ आवश्यक पर्ने मेडिकल सामाग्री र वन्दोवस्तीका सामाग्री तयारी हालतमा राख्नेछ ।

(५) अस्पताल सञ्चालन भएको स्थानहरुमा पानी विजुली शौचालय इन्टरनेट फहोरमैला व्यवस्थापन जस्ता अत्यावश्यक कार्यहरु तुरुन्त गर्नुपर्नेछ ।

**४. औषधी तथा मेडिकल सामाग्री र अन्य सामाग्री खरिदः** (१) गाउँपालिकाले कोभिड-१९ भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि आवश्यक पर्ने सम्पूर्ण औषधीहरु, विभिन्न प्रकारका माक्सहरु, पञ्जाहरु, चश्मा, फेस शिल्ड, पिपीइ सेट, सेनिटाइजर, हेन्ड वास, सावुन, अक्सिमिटर, थर्मल गन, स्वाव संकलनका लागि, अक्सिजन चलाउनको लागि आवश्यक सामाग्रीहरु तथा अन्य आवश्यक मेडिकल सामाग्रीहरु, वन्दोवस्तीका सामाग्रीहरु, मृतकको अन्त्योष्टीको लागि चाहिने सामाग्रीहरु खरिद गरी तयारी हालतमा राख्नुपर्नेछ ।

**५. अक्सिजन व्यवस्थापनः** (१) गाउँपालिकाले अक्सिजनको अभाव हुन नदिनको लागि अक्सिजन सिलिन्डरको व्यवस्थापन गर्नुपर्नेछ । यसरी व्यवस्थापन गर्दा अक्सिजन सिलिन्डर खरिद गर्ने, ग्याँस भर्ने, रकम धरौटीमा राखी सिलिन्डर लिने जस्ता कार्यहरु गर्न सकिनेछ । अक्सिजनको पूर्तिको लागि अक्सिजन कन्सन्टेटर समेत खरिद गर्न सकिनेछ ।

**६. गाउँपालिकाको सवारी साधन प्रयोग गर्नेः** (१) कोभिड-१९ भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि जनचेतना फैलाउने, प्रचारप्रसार गर्ने, स्वाव संकलन गरी सदरमुकाम वेनी वा प्रयोगशालासम्म पुराउने, कोभिड संक्रमित विरामीहरुलाई ओसापसार गर्ने, आवश्यकता अनुसार विभिन्न स्थानमा संक्रमणको अनुगमन निरिक्षण गर्ने कार्यको लागि गाउँपालिकाले आफ्नो सवारी साधन प्रयोगमा ल्याउन सक्नेछ ।

**७. सवारी साधन भाडामा लिन सक्नेः** (१) कोभिड-१९ भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि जनचेतना फैलाउने, प्रचारप्रसार गर्ने, स्वाव संकलन गरी सदरमुकाम वेनी वा प्रयोगशालासम्म पुराउने, कोभिड संक्रमित विरामीहरुलाई ओसापसार गर्ने, आवश्यकता अनुसार विभिन्न स्थानमा संक्रमणको अनुगमन निरिक्षण गर्ने कार्यको लागि गाउँपालिकाले सवारीधनी/चालकसँग सम्झौता गरी सवारी साधन भाडामा लिन सक्नेछ ।

(२) कोभिड-१९ भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणसँग सम्वन्धित कार्यको लागि तथा कार्यालयको अन्य विविध कार्यको लागि गाउँपालिकाका जनप्रतिनीधि तथा कर्मचारी आवतजावत गर्न थप सवारी साधन भाडामा लिनु परेमा गाउँपालिकाले सवारीधनी/चालकसँग सम्झौता गरी सवारी साधन भाडामा लिन सक्नेछ ।

**८. खाजा खाना वास तथा अन्य विविध खर्च गर्न सक्नेः** (१) कोभिड-१९ भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि गाउँपालिकाको सवारी चालकलाई कोरोना संक्रमणको जोखिम भएकोले निजको लागि कार्यालयबाट छुट्टै वसोवास र खाना खाजाको व्यवस्थान हुनेछ जसवापत दैनिक रु । उपलब्ध गराइनेछ ।

(२) उपदफा १ बमोजिमको खर्च भुक्तानीको लागि सवारी चालकले अनुसूची १ बमोजिमको दैनिक कार्यसम्पादन विवरण भरी पेश गर्नुपर्नेछ।

(३) कोभिड-१९ भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि खटिदा कुनै जनप्रतिनीधि, कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवकको लागि खाजा खाना वास पानी जुस लगायत कार्यमा खर्च गर्न सकिनेछ ।

(४) उपदफा ३ बमोजिमको कार्यमा नियमित रुपमा खर्च गर्नुपरेमा कार्यपालिकाको निर्णयानुसार दैनिक रकम दरले एकमुष्ट रकम तोकी उपलब्ध गराउने वा विल भरपाइ बमोजिम रकम भुक्तान गर्न सकिनेछ । खर्च भुक्तानीको लागि अनुसूची १ बमोजिमको दैनिक कार्यसम्पादन विवरण भरी पेश गर्नुपर्नेछ।

**९. प्रोत्साहन भत्ता पुरस्कारः** (१) कोभिड-१९ भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि खटिएका कोभिड-१९ अस्थायी अस्पतालका स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई स्वास्थ्य मन्त्रालयबाट जारी भएको अनुसार प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।उक्त रकम संघ वा प्रदेश सरकारबाट प्राप्त हुने शसर्त अनुदानबाट वा गाउँपालिकाको स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट खर्च गर्न सकिनेछ ।

(२) कोभिड-१९ भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि खटिएका यस गाउँपालिकाका कर्मचारीहरु स्वास्थ्य संयोजक, सहसंयोजक, सवारी चालक, स्वास्थ्य चौकी र स्वास्थ्य इकाइका स्वास्थ्यकर्मी तथा सहयोगीहरुलाई गाउँ कार्यापालिकाको निर्णयानुसार प्रोत्साहन भत्ता उपलब्ध गराउन सकिनेछ ।
(३) कोभिड-१९ भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणको प्रयास स्वरुप कुनै निजी सवारी चालकले विरामी ओसारपसार गरी गाउँपालिकालाई नियमित सहयोग गरेमा गाउँ कार्यपालिकाको निर्णयानुसार प्रोत्साहन तथा पुरस्कार वापत रकम उपलब्ध गराउन सकिनेछ ।
(४) कोभिड-१९ भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणको प्रयास स्वरुप कुनै व्यक्ति वा संस्थाले सामाग्री वा नगद सहयोग गरेमा पुरस्कार मायाको चिनो प्रशंसापत्र आदि उपलब्ध गराउन सकिनेछ ।

**१०. भाडा रकम भुक्तानी गर्नेः** (१) कोभिड-१९ भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि गरिएको निषेधाज्ञा (Lockdown) को समयमा गर्भवती सुत्केरी आकस्मिक विरामी दीर्घरोगीलाई यस गाउँपालिकाका स्वास्थ्य चौकी वा वेनी अस्पतालमा आवतजावत गर्नु परेमा सवारी साधनको भाडा निज स्वयं व्यक्तिले व्यहोर्ने गरी सवारी साधन व्यवस्थापनमा गाउँपालिकाले सहजीकरण गर्नेछ । तर उक्त व्यक्तिको आर्थिक अवस्था कमजोर भई भाडा तिर्न नसक्ने अवस्था भएमा गाउँ कार्यपालिकाको निर्णयानुसार भाडा रकम भुक्तानी दिन सकिनेछ ।
(२) कुनै व्यक्ति कोभिड-१९ भाइरसको संक्रमणको शंका भई परिक्षणको लागि स्वाव दिन कोभिड-१९ अस्पतालमा आवतजावत गर्दा, सो भाइरसको संक्रमणको कारणले विरामी भई कोभिड-१९ अस्पताल वा वेनी अस्पतालमा आवतजावत गर्दा सवारी साधनको भाडा निज स्वयं व्यक्तिले व्यहोर्ने गरी सवारी साधन व्यवस्थापनमा गाउँपालिकाले सहजीकरण गर्नेछ । तर उक्त व्यक्तिको आर्थिक अवस्था कमजोर भई भाडा तिर्न नसक्ने अवस्था भएमा गाउँ कार्यपालिकाको निर्णयानुसार भाडा रकम भुक्तानी दिन सकिनेछ ।

**११. सुरक्षाकर्मी स्वयंसेवक परिचालनः** (१) कोभिड-१९ भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि गरिएको निषेधाज्ञा (Lockdown) को समयमा गर्भवती सुत्केरी, आकस्मिक विरामी, दीर्घरोगीको आकस्मिक वा नियमित खानुपर्ने औषधी अभाव भएमा गाउँपालिकाले स्वयंसेवक परिचालन गरी घरघरमा औषधी उपलब्ध गराउनेछ ।
(२) जिल्लाभन्दा वाहिरबाट आउने यस गाउँपालिकामा वसोवास गर्ने व्यक्तिहरुको रेकर्ड राख्न, ट्राभल हिस्ट्री लिइ उनीहरुमा कोभिड संक्रमणको सम्भावित अवस्था वारे जानकारी लिन, स्वास्थ्य मापदण्ड पालना गरी सुरक्षित साथ होम क्वारेन्टाइनमा वस्न र गाउँपालिका तथा स्थानीय समितिलाई जानकारी दिन सदरमुकाममा सञ्चालन गरिने होल्डिङ सेन्टरमा स्वयंसेवकको रुपमा कर्मचारी खटाइनेछ । कर्मचारी खटाउँदा निजलाई खाना खाजा वापतको भत्ता रकम गाउँ कार्यपालिकाको निर्णयानुसार उपलब्ध गराइनेछ । उक्त रकम भुक्तानीको लागि अनुसूची १ बमोजिमको दैनिक कार्य सम्पादन विवरण भरी पेश गर्नुपर्नेछ ।
(२) कोभिड-१९ भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि आइपर्ने विभिन्न प्रकारको कामको लागि स्वयंसेवक परिचालन गर्न सकिनेछ ।

(३) कोभिड-१९ भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि गरिएको निषेधाज्ञा (Lockdown) को समयमा सवारी साधन व्यवस्थापन गर्ने, भिडभाड आवतजावत नियन्त्रण गर्न गाउँपालिकाले सुरक्षाकर्मी परिचालन गर्नेछ ।

(४) उपदफा १, २ र ३ बमोजिम परिचालन हुने स्वयंसेवक र सुरक्षाकर्मीको लागि खाजा खाना वापत दैनिक रु ५००। उपलब्ध गराइने छ । उक्त रकम भुक्तानीको लागि अनुसूची १ बमोजिमको दैनिक कार्य सम्पादन विवरण भरी पेश गर्नुपर्नेछ ।

**१२. मृतकको अन्त्योष्टीमा हुने खर्चः** (१) कोभिड-१९ भाइरसको संक्रमणको कारण कुनै व्यक्तिको मृत्यु भएमा स्वास्थ्य मन्त्रालयले जारी गरेको शव व्यवस्थापन तथा अन्त्योष्टी सम्वन्धी मापदण्ड अनुसार विधि प्रक्रिया र खर्च गर्नुपर्ने छ । उक्त खर्चको आधारहरु विभिन्न समयमा जिल्ला प्रशासन कार्यालयबाट प्राप्त पत्र निर्देशन समेत हुनेछ ।

**१३. स्थानीय तह प्रकोप व्यवस्थापन कोष वा अन्य सम्वन्धित खर्च शिर्षकबांट खर्च लेख्नेः** (१) यस मापदण्ड अनुसार हुने कार्यको लागि आवश्यक पर्ने खर्च गाउँपालिकाको स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट गर्न सकिनेछ । गाउँपालिकाको चालु आवमा स्वीकृत वार्षिक कार्यक्रमको चालु खर्चमा रकम बचत हुन सक्ने देखिएमा रकमान्तर वा संशोधन गरी खर्च गर्न सकिनेछ ।

(२) यस मापदण्ड अनुसार हुने कार्यको लागि आवश्यक पर्ने खर्च गाउँपालिकाको स्थानीय तह प्रकोप व्यवस्थापन कोषका अतिरिक्त सम्वन्धित अन्य खर्च शिर्षकबाट समेत खर्च लेख्ने मिल्न भएमा सो शिर्षकबाट समेत खर्च गर्न सकिनेछ ।

**१४. वाधा अड्काउ फुकाउः** यस मापदण्डमा भएका बुँदाहरु कार्यान्वयन गर्न वाधा भएमा वा संशोधन गर्नुपरेमा गाउँ कार्यापालिकाको निर्णयबमोजिम हुनेछ ।

**१५. प्रचलित कानुन बमोजिम हुनेः** यस मापदण्डमा लेखिएका कुराहरु यसै बमोजिम हुनेछ ।कुनै कुराहरु छुट भएमा वा प्रचलित कानुनसँग वाझिएमा वाझिएको हदसम्म प्रचलित कानुन बमोजिम हुनेछ ।

**१६. यसै कार्यविधि बमोजिम हुनेः** कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण सम्वन्धमा यस कार्यविधि लागु हुनुपर्व भएका सम्पूर्ण कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानी खर्च भुक्तानी हुनेछ ।

## अनुसूची १

## मंगला गाउँपालिकामा कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणको लागि सम्पादित दैनिक कार्य विवरण

कार्यसम्पादन गर्ने व्यक्तिको नामः ...................................................... पदः ...................................... ठेगानाः .........................

**सम्पादन भएको दैनिक कार्यविवरण**

| क्र स | मिति र समय | गरिएको कार्य | उपलब्धी | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**पेश गर्ने** **जाँच गर्ने** **प्रमाणित गर्ने**